प्रेस विज्ञप्ती

मिति २०८१।०८।२०

काठमाडौँ ।

धरान उप-महानगरपालिकाका मेयर हर्क साम्पाङले खोज पत्रकारिता केन्द्रबाट प्रकाशित “हर्क साम्पाङको मनमौजी शासन, बेथितिको दलदलमा धरान” शीर्षकको समाचारलाई लिएर हिमाल खबरपत्रिका सम्बद्ध पत्रकार गोपाल दाहाल र नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष जनक ऋषि राईलाई सामाजिक संजालमा धम्कीपूर्ण संदेशमार्फत गरेको दुर्व्यबहार प्रति यस मिडिया लयर्स एसोसिएसनको गम्भिर ध्यानाकर्षण भएको छ ।

खोज पत्रकारिता केन्द्रबाट प्रकाशित उक्त समाचार सम्बन्धमा धरानका मेयर साम्पाङले सामाजिक सञ्जाल मार्फत सार्वजनिक रुपमा गालीगलौज र धम्की दिनु नेपालको संविधानको धारा १७(२)(क) ले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवं धारा १९ ले प्रत्याभूत गरेको संचारको हक संगै नेपाल पक्ष भएको मानवाधिकार सम्बन्धि विश्वव्यापी घोषणा पत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय अनुबन्ध १९६६ समेतको प्रत्याभूति बिपरित भै प्रेस स्वतन्त्रता माथिको गम्भीर उल्लंघन भएको हाम्रो ठम्याई छ ।

प्रकाशित समाचारमा चित्त नबुझे त्यस उपर कानूनी उपचार खोज्न सक्ने व्यवस्था हुँदा हुँदै धम्की जस्तो निन्दनीय कार्य प्रेस स्वतन्त्रताको विरुद्दमा छ । समाचारका बिषयलाई लिएर सार्वजनिक गाली गलौजमा उत्रनुलाई धरानका मेयरको न्यूनतम मर्यादा तथा विधिको शासन विपरितको कार्य हो । यस्तो कार्य तत्काल सच्याउन मेयर साम्पाङलाई आग्रह गर्दछौं । साथै, पत्रकारलाई सुरक्षित रुपमा पत्रकारिता गर्ने वातावरण मिलाउन हामी नेपाल सरकारसँग माग गर्दछौं ।

नोट: मिडिया लयर्स एसोसिएसन कानुनी जोखिममा रहेका पत्रकारलाई आवश्यक कानुनी सहायता उपलब्ध गराउने तथा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गर्ने कानुन व्यवसायीहरुको गैर नाफामुलक संस्था हो । थप सम्पर्कको लागि: अधिवक्ता किशोर पौडेल, सचिव, मिडिया लयर्स एसोसिएसन । फोन नम्बर: +९७७ ९८५१०८८७९१, इमेल: info@medialawyers.org

अधिवक्ता बाबुराम अर्याल
अध्यक्ष